जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)–०३९/०४०
म.जि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४१ अंक ३६ २०८० साल बैशाख १७ गते आइतवार (30 Apr 2023 Sunday) मूल्य रु. ७/-




*यस अंक भित्र* – **पृष्ठ २ मा** : दलित तथा विपन्न समुदायद्वारा... **पृष्ठ ३ मा** : विश्व व्यवस्थाको चपेटामा ... **पृष्ठ ४ मा** : बहुपक्षीय सहभागिताले मात्र सबैका ... **पृष्ठ ५ मा** : रुसी आक्रमणमा छब्बीस ...

# सप्तरीमा आत्महत्याका घटना बढदो

## दुई महिला र एक पुरुषगरि तीन जनाद्वारा आत्महत्या

### चालु आ.ब.२०७९/८० को हालसम्मको अवधीमा विष सेवन र झुण्डिएर आत्महत्या गर्नेको संख्या ८६

**राजविराज**/गत साता सप्तरीमा दुई महिला र एक पुरुषसहित तीन जनाले झुण्डिएर आत्महत्या गरेका छन् ।

योसँगै जिल्लामा अढाई महिनाको अवधीमा विष सेवन र झुण्डिएर आत्महत्या गर्नेको संख्या २७ पुगेको छ । जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार चालु आ.ब. २०७९/८० को हालसम्मको अवधीमा भने विष सेवन र झुण्डिएर आत्महत्या गर्नेको संख्या ८६ पुगेको छ ।

गत आर्थिक वर्ष ०७८/०७९ मा विष सेवन तथा झुण्डिएर १ सय ३६ जनाले आत्महत्या गरेको प्रहरी तथ्याङ्कले देखाएको छ ।

विभिन्न घरायसी समस्या, श्रीमान श्रीमतीबीच वादविवाद, ऋणमा डुबेको, प्रेममा असफल, व्यापार घाटा, बेराजगारी लगायत अन्य विभिन्न समस्यासँग संघर्ष गर्न नसकि बाध्य भई आत्महत्याको बाटो रोज्नु परेको जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कले देखाएको छ ।

पछिल्लो पटक जिल्लाको कंचनरुप नगरपालिका ४ जगतपुर मुसहरी टोल निवासी ३५ वर्षिय मनोज सदा आफ्नो घर भन्दा ५ सय मिटर पुर्वस्थित नहरको छेउमा शम्भु सदाले खेत बालि रेखदेखका लागि बनाईएको फुसको छाप्रोको बाँसको बल्लोमा तन्ना च्यातेको कपडाले पासो लगाई झुण्डिएको अवस्थामा मृत फेला परेका थिए ।

यसअघि सोमबार जिल्लाको डाक्नेश्वरी नगरपालिका ७ ब्रहमपुर स्थानिय धर्मेन्द्र साहकी ३० वर्षिया श्रीमती झुण्डिएको अवस्थामा फेला परेकी थिइन् भने गत शुक्रबार जिल्लाकै बोदेबरसाईन नगरपालिका वडा न. ५ भाटिन वस्ने ओम प्रकाश पँडितकी २५ वर्षिया श्रीमती यशोदा पँडित झुण्डिएको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

# ट्याक्टर आफै अनियन्त्रित भई पल्टिदा २१ यात्रु घाइते



**राजविराज**/सप्तरीको शम्भुनाथ नगरपालिकामा शुक्रबार ट्याक्टर आफै अनियन्त्रित भई पल्टिदा हुँदा त्यसमा सवार २१ जना यात्रु घाइते भएका छन् ।

शम्भुनाथ ३ ट्राफिक चौकस्थित पुर्व पश्चिम राजमार्गमा पश्चिमबाट पुर्वतर्फ आउदै गरेको स.१ त.१८८८ नं.को ट्रयाक्टर आफै अनियन्त्रित भई पल्टिएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार ट्रयाक्टमा सवार घाइते व्यक्तिहरुको विभिनन अस्पतालमा उपचार भइरहेको तथा फरार ट्याक्टर चालकको खोजि कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# मोटरसाइकलको ठक्करबाट बालक घाइते

**राजविराज**/सप्तरीको रुपनी गाउँपालिका १ रायपुर पासवान टोल स्थित रुपनी राजबिराज सडक खण्डमा शुक्रबार मोटरसाइकलको ठक्करबाट एक बालक घाइते भएका छन् ।

उत्तरबाट दक्षिणतर्फ जादै गरेको को.२८प.१६६६ न. को मोटरसाइकलले स्थानिय दुर्गानन्द पासवानका ४ वर्षिय छोरा राज पासवानलाई बाटो काट्ने क्रममा ठक्कर दिएको हो ।

प्रहरीका अनुसार ठक्करबाट बालकको टाउको र शरिरको बिभिन्न भागमा चोट लागेको अवस्थामा युनिक अस्पतालमा उपचार पश्चात थप उपचारका लागी न्युरो अस्पताल बिराटनगर लगिएको छ ।

प्रहरीले मोटरसाइकल र चालक हनुमाननगर कंकालिनि १ भारदह सनिवासी २० वर्षिय सलमान मंसुरलाई नियन्त्रणमा लिई आवश्यक कारवाहिको लागि जिल्ला प्रहरी कार्यालय सप्तरी पठाएको जनाएको छ ।

# ग्यास सिलिन्डर पड्किएर आगलागि

**राजविराज**/सप्तरीको तिरहुत गाउँपालिका १ त्रिकोल टोलमा शुक्रबार ग्यास सिलिन्डर पड्किएर आगलागि भएको छ ।

स्थानिय गजाई मण्डलको फुसको भन्सा घरमा खाना पकाउने क्रममा अचानक ग्यास सिलिन्डर पड्किएर आगलागि हुँदा छिमेकी शिव मण्डलको फुसको गाई गोठ समेतमा आगो लागेको प्रहरीले जनाएको छ ।

आगोमा गुजाई मण्डल र शिव मण्डलको घरमा रहेको चामल, धान, गँहु र घर १ लाख मुल्य बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

उक्त आगो कंचनरुप नगरपालिकाको दमकल, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल मैनाकडेरी र स्थानियबासीको सहयोगमा नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

# आफ्नै घरमा आगजनी गर्ने पक्राउ

**राजविराज**/सप्तरीको सुरुङ्गा नगरपालिका १ चकहा मुसहरी टोलमा मादक पदार्थ सेवन गरि एक व्यक्तिले आफ्नै घरमा आगजनी गरेका छन् ।

स्थानिय मुरारी सदाका २७ वर्षिय छोरा रमेश सदाले खाँना माग्न जाँदा श्रीमती विबा सदासँग बादविवाद तथा कुटपिट गरी घरमै आगजनी गरेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार चुल्लोबाट आगो तानी आफ्नै फुसको छाना भएको भुई तल्ले घरमा आगो लगाउँदा उनलाई पक्राउ गरिएको जनाएको छ ।

स्थानियवासी र प्रहरीको सहयोगमा आगो नियन्त्रणमा लिई पक्राउ परेका सदामाथी थप अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजविराज नगरपालिका, सप्तरी**

## बालबालिकालाई स्तनपान किन गराउने ?

- ➢ आमाको दुधले बालबालिकाको जीवन रक्षा गर्छ।
- ➢ आमाको बिगौति दुधले बालबालिकालाई खोपसरहको काम गर्छ।
- ➢ आमाको दुधमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनिज हुन्छ।
- ➢ स्तनपानले आमालाई स्तन र पाठेघरको क्यान्सर हुनबाट बचाउँछ।
- ➢ स्तनपानले शिशुको शारिरीक, मानसिक, बौद्धिक तथा सामाजिक विकासमा मद्दत गर्छ।

त्यसैले बालबालिकालाई पर्याप्तमात्रामा स्तनपान गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### मानसिकतामा परिवर्तन गर्न सकिए मात्र दाइजो प्रथा उन्मुलन हुनसक्छ

अहिले तराई मधेशमा दाइजोका कारण बैवाहिक सम्बन्ध तोडिन पुगेको छ। मधेशका जिल्लाहरुमा अहिले पनि दाइजो लिएर विवाह गर्ने चलिरहेको छ। हुन त सरकारले दाइजो लिने र दिने दुबैलाई गैरकानुनी मान्यता दिँदै आएको छ। तर, पनि यस प्रथा अन्त्य हुनुका साथै झनै बढीरहेको छ। दाइजो देखाएर नभई लुकाएर दिने चलन छ। दाइजोको नाममा छोरीलाई जमिन वा नगद दिने चलन छ। केटी पक्षले यो दाइजो दिएर छोरीलाई भविष्यमा कुनै प्रकारको दुःख नहोस भन्ने उद्देश्यले दिइने चलन छ।

तर केटापक्षले सोही दाइजो दिएको देखेर लोभमा परि केटीलाई आफ्नो बाबुआमा सँग अझ दाइजो माग गर्दै अनावश्यक दुःख दिने गरेको प्रहरीको तथ्याङ्कले देखाएको छ। विवाह खुशीका साथ सम्पन्न भएपछि भविष्यमा यस्ता दुःख दिने घटना सार्वजनिक भएपछि मात्र दाइजोका कारण यस्ता घटना भएको सार्वजनिक हुँदै आएको छ। यसको उदाहरण महोत्तरीको घटना नेहा चौधरी र डा. पंकज चौधरीको ताजै छ।

तसर्थ यसरी दाइजोले समाजमा विक्राल रुप लिइरहेको कुरामा दुई मत नहोला। तर पनि दाइजो एउटा प्रथा बनिसकेको छ। यसका लागि जतिसुकै सामाजिक अभियान चलाए पनि यो न्युनिकरण हुन सकिरहेको छैन्। यसका लागि केटा र केटी दुबै पक्षले मानसिकतामा परिवर्तन गर्नु जरुरी छ। अनिमात्र दाइजो जस्तो प्रथालाई उन्मुलन गर्न सकिन्छ।

# दलित तथा विपन्न समुदायद्वारा प्रदर्शन




**राजविराज**/दलित तथा विपन्न समुदायले दलित तथा अल्पसंख्यक, विपन्न वर्गको उत्थान तथा रोजगारीको ग्यारेन्टी माग गर्दै राजविराजमा प्रदर्शन गरेका छन्।

दलित तथा अल्पसंख्यक विपन्न वर्ग विकास सेवा समिति केन्द्रिय कार्यालय कंचनरुप नगरपालिकाको अगुवाईमा स्थानिय शिव मन्दिर प्राङ्गणबाट निस्केको जुलुसले सो माग गर्दै गत शनिबार प्रदर्शन गरेका हुन्।

समाजसेवी उम्मेश्वर प्रसाद साहको अध्यक्षतामा आयोजित सभामा बोल्दै समितिका अनुगमन विभागका प्रभारी विश्व मल्लले पंचायतकालमा पूर्ण संचालनमा रही हजारौं युवालाई रोजगारी दिइएको बिराटनगर जुट मिल, जनकपुरस्थित चुरोट कारखाना र बुटवलस्थित धागो उद्योग लगायतका कारखाना र उद्योगहरु अहिले बन्द अवस्थामा रहेका कारण धेरैले बेरोजगार बन्नु परेको जिकिर गरे।

समाजसेवी तुलाराम लुईटेलले दलित तथा विपन्नलाई लक्षित गरेर रोजगारीको व्यवस्था अहिलेको मुख्य आवश्यकता रहेको बताए। समाजसेवी सीताराम मण्डलले राष्ट्रको उन्नती र प्रगतीका लागि विपन्न वर्गको उत्थान पनि उत्तिकै जरुरी रहेको बताए।

समाजसेवी शिवलखन मण्डलले हिन्दु धर्म संस्कृतीको रक्षा, दलितहरुको सशक्तिकरणका लागि विभिन्न कार्यक्रम तथा हिन्दु राष्ट्र घोषणा गर्न सरकारसँग माग गरे।

समितिका कोषाध्यक्ष मदन श्रेष्ठले दलित भनेको शिल्पकार भएको जिकिर गर्दै सरकार तथा उपल्लो जातीले दलित भनेर होच्याउने गरेको बताए। उनले सम्मान गर्ने हो भने दलितलाई शिल्पकार भनेर सम्बोधन गर्न सबैसँग आग्रह गरे।

समितिका अध्यक्ष विष्णुदेव यादवले हाल दलित तथा अल्पसंख्यक विपन्न वर्ग विकास समितिको केन्द्रिय कार्यालय सप्तरी जिल्लाको कंचनरुप नगरपालिकामा रहेको जानकारी दिंदै १८ वटै पालिकामा संस्थाको कार्यालय विस्तार गर्ने योजना रहेको बताए। संस्थामा आवद्ध भएकाहरुलाई शिपमूलक तालिमसँगै विपत परेका बेला राहत तथा अन्य सहयोग समेत उपलब्ध गराउने लक्ष्य रहेको उनको भनाई थियो।

सभामा सन्तबहादुर रुमला, कोपिला अधिकारी, जयप्रकाश ढुंगाना, सीताराम भण्डारी, कुमार बस्नेत, सन्तोष श्रेष्ठ, रामसुन्दर मण्डल, हिरा कार्की, परमेश्वर साह, केदार ओली, मानपुर चौधरीलगायतले पनि बोल्दै दलित तथा अल्पसंख्यक विपन्न वर्गको उत्थानका लागि सरकारले अविलम्ब विभिन्न योजना तथा कार्यक्रमहरु ल्याउनु पर्ने माग गरेका थिए।

# आफ्नै कुखुरा फर्ममा आगो लगाउने पक्राउ

**राजविराज**/सप्तरीको सुरुङ्गा नगरपालिका वडा नं. २ स्थित आफ्नै कुखुरा फर्ममा आगो लगाउने एक युवक पक्राउ परेका छन्।

सो वडास्थित हनुमानचौक भन्दा अगाडि सडकखण्डको पश्चिम रहेको कुखुरा फर्ममा शनिबार स्थानिय महेश कुमार भट्ट क्षेत्रीका ३२ वर्षिय छोरा मनोज भट्टले आफ्नो कुखुरा फर्ममा आगो लगाई भागेको प्रहरीले जनाएको छ।

कुखुरा फर्ममा सामान्य क्षति भएको तथा परालमा आगो लागि २५ हजार मुल्य बराबरको क्षति भएको प्रहरीले जनाउँदै आगो लगाउने छोरालाई नियन्त्रण लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# उपेन्द्र यादव, रबि लामिछाने र डा. स्वर्णिम वाग्ले निर्वाचित

**राजविराज**/बैशाख १० गते सम्पन्न उपनिर्वाचनमा जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव, राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रबि लामिछाने र सोही पार्टीका डा. स्वर्णिम वाग्ले निर्वाचित भएका छन्।

प्रतिनिधिसभा सदस्यमा बारा क्षेत्र नं २ बाट जसपाका उपेन्द्र यादव ५ हजार ८१ मतान्तरले निर्वाचित भएका हुन्। उनका निकटतम् प्रतिद्वन्दी जनमत पार्टीका शिवचन्द्र कुशवाहाले २३ हजार तीन सय ३४ मत ल्याएका थिए भने निर्वाचित भएका यादवले २८ हजार ४ सय १५ मत प्राप्त गरे।

यस्तै नेकपा (एमाले) का पुरुषोत्तम पौडेलले १० हजार २ सय १६ मत प्राप्त गरे भने राष्ट्रिय स्वतन्त्र पार्टीका रमेश खरेलले २ हजार ८ सय २९, आम जनता पार्टीका उम्मेदवार अरुणकुमार ज्ञवालीले २ हजार ७ सय ३८ मत, राष्ट्रिय प्रजातन्त्र पार्टीका सोनालाल साहले १ सय १९ मत, नागरिक उन्मुक्ति पार्टीका कमरुल्लाह अन्सारीले १ सय ९ मत तथा नेपाल मजदुर किसान पार्टीका उम्मेदवार मुक्ति यादवले ६० मत पाएका थिए।

बारा क्षेत्र नं २ मा जसपाबाट निर्वाचित रामसहायप्रसाद यादव उपराष्ट्रपतिमा निर्वाचित भएपछि सो निर्वाचन क्षेत्रमा उपनिर्वाचन भएको हो।

यसैबीच जनता समाजवादी पार्टीका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादव बारा क्षेत्र नं. २ बाट निर्वाचित भएपछि सप्तरीमा खुशियाली मनाइएको छ।

मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा सप्तरी क्षेत्र नं. २ बाट चुनाव लडी पराजित भएका उनी पछिल्लो पटक बाराको क्षेत्र नं. २ बाट उपनिर्वाचनमा निर्वाचित भएपछि उनका समर्थकले बुधबार राजविराजमा दिप प्रज्जवलन गरि खुशियाली मनाएका हुन्।

जसपा जिल्ला समन्वय समितिको आयोजनामा बिजयी जुलुस तथा स्थानिय गजेन्द्र चौकमा दिप प्रज्जवलन गरिएको छ। दिप प्रज्वबलनमा जसपा नेता एवं राष्ट्रिय सभा सदस्य मृगेन्द्र कुमार सिंह यादव, मधेश प्रदेशका पूर्वउपसभामुख उपमा देव, महिला नेतृ एवं प्रदेशसभा सदस्य किरण कुमारी साह, जिल्ला अध्यक्ष केदार यादव, युवा नेता किशोर यादव, महिला नेतृ रमिलादेवी साह लगायत उल्लेख्य संख्यामा जसपाका नेता कार्यकर्ता सहभागि भए।

यस्तै चितवन २ बाट राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रबि लामिछाने ४२ हजार ९ सय ६२ मातान्तरले बिजयी भएका छन्। लामिछानेले ५४ हजार १ सय ७६ मत ल्याए भने उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका जीतनारायण श्रेष्ठले ११ हजार दुई सय १४ मत प्राप्त गरे। यस्तै नेकपा (एमाले) का रामप्रसाद न्यौपानेले १० हजार ९ सय ३६ मत तथा राप्रपाका जीवलाल पुरीले ३ सय ७५ मत प्राप्त गरेका छन्।

यसैगरि तनहुँ १ को प्रतिनिधिसभा सदस्य पदमा राष्ट्रिय स्वतन्त्र पार्टीकै डा स्वर्णिम वाग्ले निर्वाचित भएका छन्। उनले ३४ हजार ९ सय ११ मत प्राप्त गरे। उनको प्रतिस्पर्धी नेपाली कांग्रेसका गोविन्द भट्टराईले २० हजार एक सय २२, नेकपा (एमाले)का सर्वेन्द्र खनालले ८ हजार ४ सय ८८ मत प्राप्त गरे।

तनहुँ १ का प्रतिनिधिसभा सदस्य नेपाली कांग्रेसका रामचन्द्र पौडेल राष्ट्रपति पदमा निर्वाचित भएपछि रिक्त यस स्थानमा आइतबार निर्वाचन भएको थियो।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# विश्व व्यवस्थाको चपेटामा फसेको नेपाल

**केशव खतिवडा**

इतिहास, सामाजिक अध्ययन तथा परिवर्तनका लागि विश्वलाई एउटा मूल एकाइ मानी अध्ययन तथा विश्लेषण गर्ने सिद्धान्तलाई विश्व व्यवस्था सिद्धान्त भनिन्छ । अमेरिकी समाजशास्त्री तथा अर्थशास्त्री इम्यानुयल वालरस्टिनले सन् १९७० को दशकमा 'द मोर्डन वर्ल्ड सिस्टम' नामक पुस्तकमार्फत विश्व व्यवस्थाबारे दृष्टिकोण प्रस्तुत गरे । उनका अनुसार विभिन्न राष्ट्रहरू थुप्रै राज्यहरूमा विभाजित छ । यसलाई समष्टिमा विश्व एक प्रणालीका रूपमा र व्याष्टिमा थुप्रै राष्ट्रहरू राज्यका रूपमा फरक फरक ढङ्गले हेर्ने, बुझ्ने र विश्लेषण गरिन्छ ।

विश्व एउटा सिङ्गो प्रणाली हो भने यसभित्रका विभिन्न एकाइहरूमा विभाजित राष्ट्रहरू उपप्रणाली हुन् । ग्रह र उपग्रहबीचमा सम्बन्ध भएजस्तै सिङ्गो विश्वप्रणाली र उपप्रणालीका रूपमा रहेका थुप्रै राष्ट्रको बीचमा अन्तरसम्बन्ध रहेको हुन्छ ।

विश्व प्रणालीलाई एउटा बौद्धिक परियोजनाका रूपमा प्रतिपादन गर्ने सिद्धान्तकार वालरस्टिनद्वारा लिखित द मोर्डन वर्ल्ड सिस्टम नामक पुस्तकअनुसार इतिहासमा दुई किसिमका विश्व प्रणाली पाइन्छन् । पहिलो, विश्व अर्थव्यवस्था प्रणाली र दोस्रो, विश्व साम्राज्य प्रणाली ।

विश्व अर्थव्यवस्था प्रणाली तीन तहका मुलुकहरूको बीचमा स्रोतसाधनको प्रयोग र शोषणसँग सम्बन्धित छ भने विश्व साम्राज्य प्रणाली शक्ति अभ्यास र प्रयोगसँग सम्बन्धित छ । विश्व अर्थव्यवस्था प्रणालीअनुसार वर्तमान विश्वमा पुँजीवादको वर्चस्व रहेको छ । तर पुँजीवादी अर्थव्यवस्था देहायबमोजिम चार कारणले समस्या ग्रस्त बन्दै गएको छ ।

१. माग र पूर्तिबीच असन्तुलन सिर्जना हुँदै जानु, २. उपभोगबाट सिर्जना हुने अधिशेष मूल्यको एक भाग आफ्नो नाफा हुनुपर्ने पुँजीपतिहरूको इच्छा हुनु, ३. पुँजीपति र मजदुरबीच अन्तर्विरोध बढ्नु र ४. विश्व प्रणाली र थुप्रै राज्यबीचमा हुने अन्तर्विरोध ।

आर्थिक दृष्टिकोणले हेर्ने हो भने विश्वका पछिल्ला आधुनिक विकासका अवधारणाहरू अर्थशास्त्री जोसेफ सुम्पिटरले प्रतिपादन गरेको सिर्जनात्मक विघटनको सिद्धान्त, अमर्त्य सेनको आर्थिक विकासका लागि स्वतन्त्रता र क्षमता दृष्टिकोणको ढाँचा सबै पुँजीवादी व्यवस्थामा आधारित छन् ।

सन् १९८० को दशकमा मार्गेट थ्याचर, रोनाल्ड रेगन र अगस्तो पिनाचेले सङ्गठित रूपमा प्रयोगमा ल्याएको उदारवाद, नवउदारवाद र भूमण्डलीकरण पनि पुँजीवादी मान्यतामा आधारित छन् । यसले ससाना मुलुकका स्रोतसाधन शक्तिशाली मुलुकमा जाने व्यवस्था मिलाएको हुन्छ । यस्तो प्रवृत्ति नै आजको विश्वको मूल प्रवृत्ति हो । यही मूल प्रवृत्तिलाई वालरस्टिनको शब्दमा विश्व व्यवस्था सिद्धान्त भनिन्छ ।

विश्वका मूल एकाइभित्रका शक्ति राष्ट्रहरूले साना र दुर्बल राष्ट्रहरूमा नियन्त्रित अस्थिरता सिर्जना गर्ने, अस्थिर राष्ट्रहरूको माइक्रो म्यानेजम्यान्ट गर्ने नाममा नाम मात्रको अनुदान राशि लिएर प्रवेश गर्ने गर्छन् । यसपछि आआफ्नो हित र स्वार्थ अनुकूल हुनेगरी आन्तरिक व्यवस्थापनमा सहयोग गर्ने नाममा सो मुलुकमा रहेको कच्चा पदार्थ, श्रम शक्ति आफ्नो मुलुकमा भित्र्याउँछन् । त्यस मुलुकलाई आफ्नो उत्पादित वस्तु बिक्री गर्ने बजार बनाउने, लाभदायक ढङ्गले पुँजी लगानी गर्ने क्षेत्र कायम गर्ने, सहयोग गर्ने नाममा चर्को ब्याजदरमा ऋण लगानी गर्ने र असमान सन्धि सम्झौता गर्न बाध्य बनाउँछन् । अनि सो मुलुकलाई अघोषित उपनिवेश बनाउँछन् ।

वालरस्टिनका अनुसार पुँजीवादी अर्थ शासन व्यवस्थाको मूल चरित्र वा विशेषता भनेको गरिबीलाई जोगाई राख्नु हो । किनभने गरिबी कायम रहेको खण्डमा गरिबी न्यूनीकरण गर्ने बहानामा चर्को ब्याजदरमा ऋण लगानी गर्छन् । रोजगार दिने नाममा सस्तो श्रम भित्र्याउन सकिन्छ । विकासमा सहयोग पुऱ्याउने नाममा लाभदायक ढङ्गले पुँजी लगानी गर्ने अवसर रहन्छ । व्यापार सम्झौताका नाममा आफ्ना उत्पादित वस्तुहरू बिक्री गर्ने नयाँ बजार बनाउन सकिन्छ । अस्थिरता व्यवस्थापन गर्ने नाममा आन्तरिक राजनीतिमा चलखेल गरी आफू अनुकूलको सरकार बनाउन घुसपैठ गर्ने अवसर प्राप्त हुन्छ ।

इम्यानुलले स्रोत र साधन भएका ससाना मुलुकहरूलाई शक्ति राष्ट्रहरूले शोषण गर्ने तरिकालाई तीन तहमा विभाजन गरी व्याख्या गरेका छन् । पेरिफेरि मुलुक (तल्लो परिधिमा रहेका कमजोर र अल्पविकसित मुलुक) सेमिपेरिफेरि मुलुक (बीच वा मध्य परिधिमा रहेका विकासशील मुलुक), कोर मुलुक (मुख्य शक्तिशाली मुलुक) आजको युग विगतको जस्तो शोभियत धुरी र अमेरिकी धुरीबीचको शीतयुद्धको युग हैन ।

यो व्यापार युद्धको युग हो । सैनिक र राजनीतिक उपनिवेशको युग नभएर व्यापार उपनिवेशको युग हो । जसअनुसार पेरिफेरि (अल्पविकशित) मुलुकमा रहेका कच्चा पदार्थ र सस्तो श्रमजस्ता स्रोत साधन सेमी पेरिफेरि (विकासशील) मुलुकतर्फ जाने र पेरिफेरि र सेमिपेरिफेरि मुलुकमा रहेको स्रोतसाधन कोर (शक्तिशाल) मुलुकतर्फ जाने अघोषित र अदृश्य मार्ग बनाएको हुन्छ । अर्कातर्फ कोर मुलुकमा उत्पादित वस्तुहरू बिक्री गर्न र लाभदायक ढङ्गले पुँजी लगानी गर्न पेरिफेरी र सेमी पेरिफिरी मुलुकतर्फ जाने व्यवस्था मिलाएको हुन्छ । सारमा आधुनिक विश्व व्यवस्था सिद्धान्तको मूल प्रवाह वा आत्मा यति नै हो ।

यही विश्व व्यवस्थाको चपेटामा नेपाल मूलतः २०४६ सालको बहुदलीय व्यवस्थाको पुनर्स्थापनसँगै फस्दै आएको पाइन्छ । आर्थिक उदारीकरण र संरचनागत समायोजन कार्यक्रमको नाममा अनियन्त्रित ढङ्गले निजीकरण र वित्तीय उदारीकरणको सुरुवात गरियो ।

विश्वव्यापीकरणसँग मित लगाउँदै जाने वा पौंठेजोरी खल्दै नियन्त्रित ढङ्गले सामना गर्ने भन्ने विवाद उदारवादको पक्षधर नेपाली काङ्ग्रेस र ढुलमुले नीतिका पक्षधर कम्युनिस्टहरूका बीचमा बहस चलेको भए पनि दर्जनको हाराहारीमा महत्त्वपूर्ण सार्वजनिक संस्थानहरू कौडीको भाउमा निजीकरण गरियो । विदेशीको प्रस्ताव योजना र ऋण लगानीमा विभिन्न परियोजनाहरू स्वीकार गरियो ।

वैदेशिक रोजगारीका लागि सकेसम्म धेरै राष्ट्रसँग श्रम सम्झौता गरी सक्रिय जनशक्तिलाई विदेश पलायन गराइयो । शिक्षालाई एकातर्फ निजीकरण गरियो भने अर्कातर्फ विदेशमुखी बनाइयो । स्वास्थ्य क्षेत्रलाई लुटको व्यापार बनाइयो । परिणाम स्वरूप विश्वव्यापीकरणलाई धान्न सक्ने मुलुकको आन्तरिक संरचनाको विकास नै नभएको कारणले गर्दा स्वदेशी उद्योगधन्दामा नकारात्मक असर पऱ्यो । समग्रमा मुलुकको स्रोतसाधन शक्ति राष्ट्रहरूतर्फ जाने र ती मुलुकका उत्पादित सामान बजारीकरणका लागि भित्रिन थाले । अनपेक्षित ढङ्गले राजनीतिक अस्थिरता सिर्जना गरियो ।

मदन भण्डारीको रहस्यमय जिप दुर्घटना, नेपाली काङ्ग्रेसको एकल बहुमतको सरकारले मध्यावधि निर्वाचन घोषणा गर्ने, थापा र चन्दलाई काङ्ग्रेस र कम्युनिस्टले पालैपालो प्रधानमन्त्री बनाउने, माहाकालीजस्तो राष्ट्रघाती सन्धि गर्ने, दरबार हत्याकाण्ड र राजा ज्ञानेन्द्रको सत्ता रोहणजस्ता घटनाहरू अनपेक्षित रूपमा घटन पुगे ।

माओवादीसँग दिल्लीमा भएको सहमतिअनुसार शान्ति सम्झौता हुनु, पहिलो संविधान सभाले संविधान दिन नसक्नु, दोस्रो संविधान सभाको निर्वाचन गर्ने सरकारको नेतृत्व गर्ने कुनै पनि नेतालाई सक्षम नदेख्नु र संविधानको मर्म विपरीत बहालवाला प्रधानन्यायाधीशलाई मन्त्रीपरिषद्को अध्यक्ष बनाउनेजस्ता कार्य भए । राज्य पुनर्संरचनामा पहिचान र सामर्थ्यका विश्वव्यापी आधारलाई बेवास्ता गर्दै नाम मात्रको सङ्घीयता घोषणा गरियो । दुई तिहाइ नजिकको जननिर्वाचित सरकारले गैरसंवैधानिक ढङ्गले संसद् विघटन गरी मध्यावधि निर्वाचनको घोषणा गऱ्यो ।

त्यसपछि असङ्गतिपूर्ण राजनीतिक गठबन्धन र सत्ता भागवण्डाको कुरूप खेल सुरु भयो । राजनीतिक मूल्य मान्यता, नैतिकता, जनउत्तरदायित्व, जबाफदेहिता, सुशासन, समृद्धि नारा र कागजी दस्ताबेजमा मात्र सीमित हुन पुग्यो ।

परिणामस्वरूप मुलुक यतिखेर वैदेशिक ऋण, व्यापार घाटा, आन्तरिक आम्दानीले साधारण खर्चसमेत धान्न नसक्ने अवस्थामा पुग्यो । बैसट्ठी प्रतिशत सक्रिय जनशक्ति रहेका मुलुक भाडाका सिपाही र जीविकोपार्जनका लागि सस्तो श्रम बेच्न अधिकांश जनशक्ति विदेसिन पुगे ।

विदेशी शिक्षाप्रतिको आकर्षणले एकातर्फ ठूलो धनराशि बिदेसिन पुग्यो । अर्कातर्फ ब्रेन ड्रेन हुन पुग्यो । कृषियोग्य जमिन बाँझिन पुगे । कृषिप्रधान मुलुक खाद्यान्न आयत गर्नुपर्ने अवस्थामा पुग्यो । बाकसमा आउने लाससँग साटेको रेमिटेन्सले मुलुक चल्ने अवस्थामा पुग्यो ।

गरिब र धनीबीचको खाडल गहिरिँदै जाँदा सामाजिक अपराधमा बढोत्तरी हुन पुग्यो । अघोषित रूपमा पर्दापछाडिबाट मुलुकको अर्थ नीति, वैदेशिक नीति, राजनीति, भू-राजनीति, मौद्रिक वा वित्तीय नीति बन्ने र बनाउने काममा कोर मुलुकहरूको भूमिका ओपन सेक्रेट रूपमा देखिन थाल्यो ।

बालुवाटार वार्ता र भूपू प्रधानमन्त्रीहरूको विज्ञप्ति, लैनचौर वार्ता, बेइजिङ पत्रकार सम्मेलनजस्ता घटनाले राजनीतिक अस्थिरता सिर्जना गरी गणतन्त्र, सङ्घीयता र धर्मनिरपेक्षता खारेज गर्ने इन्डोप्यासेफिक स्ट्राटेजीलाई

*बाँकी चार पृष्ठमा*


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३



## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार
## तपाईंकै सहर राजविराजमा




आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**
राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२
**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

# बहुपक्षीय सहभागिताले मात्र सबैका लागि स्वास्थ्य प्राप्त हुनसक्छ

**डा शालिकराम धिताल**

विभिन्न देशका मुलत: सरकारी स्वास्थ्य निकायहरुले हरेक वर्ष अप्रिल ७ तारिकका दिन विभिन्न कार्यक्रम गरी विश्व स्वास्थ्य दिवस मनाउने चलन छ। सन १९४८ मा विश्व स्वास्थ्य सम्मेलन पछिका स्वास्थ्य गतिविधिहरुमध्ये सन १९५० देखि विश्वभरि हरेक वर्ष विश्व स्वास्थ्य दिवस मनाउने कार्यको सुरुवात गरिएको थियो। पहिलो विश्व स्वास्थ्य दिवसको नारा स्वास्थ्य भनेको तपाई र तपाईको शरीरको अन्तरसम्बन्ध हो भन्ने थियो।

यसै क्रममा त्यसको करिब २० वर्षपछि सन २०१० मा विश्व स्वास्थ्य दिवसको अवसरमा शहरीकरण र स्वास्थ्य: स्वस्थ बनाउँ शहर भन्ने नाराका साथ विश्वभरी मनाईयो जुन सन् १९८६ मा क्यानडाको ओटावा चार्टरमा विश्वका करिब १९१ राष्टहरुको सहभागितामा सम्पन्न स्वास्थ्य प्रवर्द्धन सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा भएको स्वास्थ्य प्रवर्द्धनको क्षेत्रलाई फराकिलो बनाउने काम गरियो।

त्यस्तै त्यसको पनि १० वर्षपछि सन २०२० मा विश्व स्वास्थ्य दिवसको नारा नर्स तथा मिडवाईफ्रीलाई सहयोग गरौ ( भन्ने थियो। यसै क्रममा यस वर्ष २०२३ को विश्व स्वास्थ्य दिवसको नारा सबैका लागि स्वास्थ्य (Health For All) भन्ने रहेको छ। स्वास्थ्य सेवामा भएको विकास र कार्यशैली सँगसँगै यस वर्षको नाराले आज सम्म निर्धारण गरेका जति पनि विश्व स्वास्थ्य दिवसका नाराहरु थिएति सबैलाई एक ठाउँमा एकिकृत गर्ने र विश्लेषण गरि स्वास्थ्यको महत्वलाई अझै फराकिलो बनाएको देखिन्छ।

यस वर्षको विश्व स्वास्थ्य दिवसको नाराले सन १९७७ मा विश्व स्वास्थ्य संगठनले घोषणा गरि सन १९७८ को २० औ सम्मेलनले सन २००० सम्म सबैका लागि स्वास्थ्य भन्ने नारा लिएर रसियाको अल्माआटा सम्मेलनबाट पारित भएको प्राथमिक स्वास्थ्य स्याहारको सिद्धान्त लाई प्रतिबिम्ब गरेको छ। प्राथमिक स्वास्थ्य स्याहारका सिद्धान्तहरु जस्तै सामुदायिक सहभागिता, अन्तर संस्थान समन्वय, उपर्युक्त प्रविधिको विकास र प्रयोग, सहयोगी बातावरणको निर्माण गर्नु थिए। यी सबै स्वास्थ्य सेवाका स्तम्भको रुपमा खडा भए र यसैको आडमा बहु पक्षीय सहभागितामा प्राथमिक स्वास्थ्य स्याहार प्राप्तिका लागि सबैको लागि स्वास्थ्यको अवधारणा घोषणा गरियो र यो अधिकांश देशहरुमा पुरा हुन सकेन।

नेपालले पनि सन २००० सम्म सबैका लागि स्वास्थ्य प्राप्तिका लागि प्राथमिक स्वास्थ्य स्याहारको अधारणा अनुसार निर्धारण गरिएका सबै लक्ष्यहरु हासिल गर्न सकेन र आज करिब ४५ वर्षपछि पनि हामी त्यहि सबैका लागि स्वास्थ्यको नारा तयगरि यसमा काम गर्ने योजना र नीतिगत छलफल गर्दैछौ। त्यसो हुनका पछाडी व्यक्तिगत, पारिवारिक, सामाजिक, सास्कृतिक, वातावरणीय, स्वास्थ्य सेवा र नीतिगत तत्वहरु हुन सक्छन।

**सबैका लागि स्वास्थ्यको औचित्य**

हरेक नागरिकको घरघर सम्म स्वास्थ्य नपुगेसम्म यो विषयले विश्राम लिने वाला छैन। त्यसैले यो विषयले यसवर्षको विश्व स्वास्थ्य दिवसको नाराको रुपमा प्राथमिकता पाएको हुन सक्छ। नेपालको संविधानले स्वास्थ्य सेवालाई हरेक नागरिकको एक मौलिक अधिकारको रुपमा लिएको छ तर व्यवहारमा नीतिगत तहमा वा राजनैतिक तहमा तथा कार्यान्वयन तहमा समेत यसको महत्वलाई गौण रुपमा हेर्ने गरिएको छ। जबसम्म स्वास्थ्यलाई एक प्राथमिक र जीवनको मुख्य पक्षको रुपमा ग्रहण गर्न सकिदैन तबसम्म यो नाराको औचित्य रहिरहने छ। स्वास्थ्यमा गरेका लगानीहरु र प्रयासहरुले केहि राम्रा उपलब्धिहरु भएपनि ब्यबहारिक रुपमा हेर्दा सन्तोषजनक रुपमा हेर्न सकिने अवस्था छैन।त्यसैले पनि स्वास्थ्यमा सबैको पहुच हुनुपर्छ भन्ने संदेशका लागि सबैका लागि स्वास्थ्य भन्ने नारा बनाई यसको बारेमा सचेतना दिने काम गरिदै छ। यो भनेको सबैका लागि स्वास्थ्य सत्य वा भ्रम के हो छुट्याउन गाह्रो छ।

**सबैका लागि स्वास्थ्य प्राप्तिका लागि बहुपक्षीय सहभागिता**

सबैका लागि स्वास्थ्य एक सत्य वा भ्रम के हो भन्ने कुरा निर्क्यौल नभई सकेको अवस्थामा यस बिषयलाई एक सकारात्मक दृस्टीका हिसाबले परिभाषित गर्दै सबैको सक्रिय सहभागितामा स्वास्थयको योजना, कार्यान्वयन तथा यसको अनुसन्धान गर्दै बढी भन्दा बढी आम नागरिकहरु सम्म स्वास्थ्य पुऱ्याउनु आजको आवस्यकता देखिन्छ। विभिन्न अनुसन्धान तथा प्रतिवेदन र स्थलगत अध्यनहरुबाट के कुरा भन्न सकिन्छ भने नेपालमा स्वास्थ्य भनेको बिरामी भै सके पछि गरिने उपचारलाई बुझिन्छ। रोग लागि सके पछि कुनै पनि ढिला नगरी तुरुन्त चिकित्सकको परामर्शमा उपचार गराउनु बुद्मिता नै हुन्छ तर यसो भनि रहंदा कुनै पनि सर्ने वा नसर्ने रोगहरु लाग्न बाट बच्ने उपायहरुको सबै नागरिकहरुले ज्ञान पाई, त्यसबाट बच्न के के गर्नु पर्छ भनि रोग प्रतिरोधात्मक सेवामा ध्यान दिएर रोग लाग्नबाट बच्नु ठुलो बुद्धिमता हुन्छ।

जन स्वास्थ्यको मुख्य सेवाहरु प्राथमिक तहमा गरिने रोकथाम जस्तै स्वास्थ्य शिक्षा र विशिष्ट किसिमको रोकथाम तथा सम्वर्द्धन गर्नु मुख्य ध्येय हो। यो काम स्वास्थ्य निकायमा काम गर्ने स्वास्थ्यकर्मीहरुको मात्र हो भनेर बुझ्ने अनि सेवा प्रवाह गर्ने आभ्यास गर्दै आएको कुरा सत्य हो। समयको गति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास, आवश्यकता र उपर्युक्त र उच्चतम अभ्यासहरुको आधारमा नया जनस्वास्थ्यको अवधारणा अनुसार रोगको रोकथाम तथा न्युनिकरण गर्नु आवश्यक छ। यसको अर्थ २१औ सताब्दिको जनस्वास्थ्य भनेको स्वास्थ्य प्रवर्द्धन नै हो। अत: सबैका लागि स्वास्थ्य प्राप्तिका लागि स्वास्थ्य प्रवर्द्धनका तपशिलका स्तम्भहरुको सुनिस्चितता हुनुपर्छ। जस्तै: (१) असल शासन: जसमा सबैका लागि सुशासन र नीतिगत रुपमा स्वस्थकर छनौटको शुनिस्चितता गरी दिगो विकास गर्न सबैको समन्वयात्मक भूमिका रहन्छ।

(२) स्वास्थ्य सचेतना: हरेक नागरिकको स्वास्थ्यमा ज्ञान र सामाजिक शिपको विकास गर्री उनीहरुलाई सक्षम बनाई स्वस्थकर छनौट र निर्णय गर्ने क्षमतामा वृद्धि गर्ने। र (३)

स्वस्थकर शहर: हरेक व्यक्तिको लागि उपर्युक्त बातावरण सिर्जना गरि उनीहरुलाई स्वस्थकर हिसाबले बस्न,कार्य गर्न र खेल्न एक सुन्दर र स्वस्थकर शहरको निर्माण गर्नुपर्छ।

यी सबै कुराहरुको माध्यमबाट सबैका लागि स्वास्थ्य प्राप्त गर्न स्वास्थ्य र स्वास्थ्य भन्दा बाहिरका निकायहरुको सक्रिय सहभागिता हुनु आवस्यक छ। यस्तो सहभागिता बहुतहमा हुनुपर्छ र यसले बहुपक्षीय सरोकारवाला सबैलाई समेट्नु पर्छ। अत: सबैका लागि स्वास्थ्य प्राप्तिका लागि बजेट तथा कार्यक्रम तयार गर्ने बेला देखि, यसको कार्यान्यन र अनुगामा तथा मुल्यांकन सम्म होसियार पुर्वक सबैको सामुहिक सहभागितामा गर्न आवस्यक छ। यदि त्यसो गरिएन भने अबको २० वर्ष पछि पनि सबैका लागि स्वास्थ्य भन्ने नाराको प्रचार प्रसारण गर्नु पर्ने हुन सक्छ। त्यसैले स्वास्थ्य सेवालाई उपचारात्मक सेवा भित्र मात्र सिमित नराखी यसको बृहत बुझाईकासाथ स्वास्थ्य प्रवर्द्धन, रोगको रोकथाम र तिनीहरुका जोखिम तत्व वा प्रभाव पार्ने तत्वहरुको बारेमा ध्यान राखेर योजना निर्माण गर्ने, मितब्ययितारुपी स्वास्थ्य कार्यक्रमको कार्यान्वयन गर्ने र सबैको पहुँचमा गुणस्तर आधारभूत स्वास्थ्य सेवा व्यक्तिको घर देखि ३० मिनेटको पैदल यात्रामा प्राप्त गर्ने गरि व्यवस्था गर्नु अति आवश्यक छ।

अबको हाम्रो स्वास्थ्य योजना अस्पतालको संख्यामा कमि गर्दै रोक लाग्नबाट बच्ने उपायहरुमा जोड दिने र सबै भन्दा महत्वपूर्ण कुरा आम नागरिकको व्यवहारमा सकारात्मक परिवर्तन ल्याउनु नै हो। यसो गऱ्यौँ भने सहश्राब्धी लक्ष्य २०१६-३० को लक्ष्य न. ३ (स्वास्थ्य र कल्याण) भित्र समेटिएका सूचकहरु प्राप्ति गर्न सकिन्छ तब मात्र सबैको लागि स्वास्थ्य केहि मात्रामा भएपनि रहेछ भन्ने कुराको अनुमान गर्न सकिन्छ कि ?

उपलब्ध श्रोत र साधनको परिधिभित्र रही नविनतम प्रविधिको प्रयोग गरि स्वास्थ्य सेवा दिने र लिने कुरामा साझा प्रतिवद्धता, बुझाई, सहभागिता र कार्यान्वयन जो स्वास्थ्य एक्लैले भन्दा पनि गैह्रस्वास्थ्य निकायहरु तथा अन्य सरोकारवालाहरु "सबैको लागि स्वास्थ्य" को अभियानमा जुटी नविनतम जनस्वास्थ्यका मापदण्डको विकास गरी फरक कार्यशैली र उल्लेखित स्वास्थ्य प्रवर्द्धन स्तम्भहरुको पालना व्यवहारिक रुपमा गर्न आजैबाट जुटौँ। (लेखक स्वास्थ्य प्रवर्द्धन तथा शिक्षा संघ नेपालका अध्यक्ष हुन्।) स्वास्थ्य खबरबाट

## विश्व व्यवस्थाको...

रोक्नेजस्ता टड्कारो सन्देश दिन थाले। दलहरूको विभाजन र नाङ्लेपसल थपाइले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको जग चर्कंदै गएको छ। वर्तमान विश्व व्यवस्थाभित्र शासन प्रणाली, बहुधार्मिकता, साइबर कल्चर, सैनिकीकरण, आर्थिक सहयोगसम्बन्धी सङ्गठन, बेल्ट एन्ड रोड इनिसिएटिभ, इन्डो प्यासेफिक स्ट्राटेजीजस्ता महापरियोजनाका बीचमा भएको प्रतिस्पर्धाजस्ता पक्षहरू पनि विश्व व्यवस्था प्रणालीभित्रका विशेषताहरू हुन्।

त्यसो हो भने आधुनिक विश्व प्रणाली अवसर हो कि अभिशाप हो ? यसको सामना कसरी गर्ने वा समाहित कसरी हुने ? आजको अन्तर्निर्भताको युगमा यो विश्वप्रणालीसँग लाभदायक हिसाबले समाहित हुनु र अवसरमा परिणत गर्नुको विकल्प छैन। जसका लागि पेरिफिरी मुलुकले सेमी पेरिफेरी र कोर मुलुकबाट शोषत हुनुको सट्टा लाभ प्राप्त गर्दै आफ्नो स्तरोन्नति गर्ने र सेमी पेरिफिरी मुलुकले पेरिफेरी मुलुकबाट पारस्पारिक हितका आधारमा न्यायोचित लाभ प्राप्त गर्ने र कोर मुलुकबाट अपेक्षित लाभ प्राप्त गरी आफ्नो स्तरोन्नति गर्ने र कोर मुलुकले विश्वको कुनै भागको दरिद्रता विश्वको समृद्धिका लागि चुनौती हो भन्ने मान्यतालाई आत्मासात गर्दै असल मित्र राष्ट्रको भावनाले पेरिफिरी र सेमिपेरिफेरी मुलुकलाई सहयोग उपलब्ध गराई उनीहरूको आर्थिक विकासमा सहयोग पुर्याउनु पर्दछ।

पछिल्लो दशकमा चीन, दक्षिण कोरिया, सिङ्गापुर, मलेसिया भुटानजस्ता एसियाका केही मुलुकहरूले आन्तरिक स्रोतसाधन र वैदेशिक सहयोगको समुचित प्रयोगद्वारा विकासमा फड्को मारेका छन्। तर कोर मुलुकको चपेटामा परेर नेपाल, श्रीलङ्का, पाकिस्तान, बङ्गलादेशजस्ता मुलुक आर्थिक रूपमा धराशायी बन्दै जाँदै छन्। आधुनिक विश्वप्रणाली विश्व शान्तिको मार्गदर्शन बन्नुपर्छ। रातोपाटीबाट


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

मोबाईल नं. ९८५२८२०९३५

# अनलाईन ठगी गरेको आरोपमा धनुषाका ६ जना पक्राउ



**धनुषा**/धनुषा प्रहरीले अनलाइन ठगी गरेको आरोपमा ६ जनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाले पत्रकार सम्मेलमार्फत पक्राउ परेकाहरुलाई सार्वजनिक गरेको हो।

पक्राउ पर्नेहरुमा धनुषाको विदेह नगरपालिका १ बस्ने ४० वर्षीय संजिव भिनवार यादव, कमला नगरपालिका ३ लग्मा बस्ने २५ वर्षीय रञ्जित नुनिया, जनकपुरधाम उपमहानगरपालिका १७ बस्ने ३३ वर्षीय अंदेश महतो, जनकपुरधाम उपमहानगरपालिका १६ बस्ने ३३ वर्षीय पप्पु पुर्वे, जनकपुरधाम उपमहानगरपालिका १२ बस्ने ४८ वर्षीय उसवान साफी र २० वर्षीय मोहम्मद जिलानी साफी छन्।

बैशाख ८ गते साँझ करिब ५ बजे ४ जनालाई धनुषाको जनकनन्दनी गाउँपालिका ३ महुवाटोलबाट र दुईजनालाई जनकपुरधाम १२ बाट पक्राउ गरिएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी उपरीक्षक विश्वराज खड्काले पक्राउ परेका साथबाट ६ थान एन्ड्रोइड मोबाइल र एकथान फिचर फोन गरी जम्मा ७ थान मोबाइल र नगद २९ हजार ५ सय ७६ रुपैयाँ बरामद गरी थप अनुसन्धान गर्दा उनीहरुले टलविन लाइफ नामक एक अमेरीकी संस्थामार्फत ठगी गरेको खुलेको जानकारी दिए। उनीहरुले १ हजार ९१ जना पीडितहरुबाट प्रत्यक्ष तथा अप्रत्यक्ष ४ हजार ५ सयका दरले ४९ लाख ९ हजार ५ रुपैयाँ ठगी गरेको उनको भनाई छ।

एसपी खड्काले भने, 'उनीहरुले टलविन लाइफमा खाता खोल्न इन्टरनेट ब्राउजरको प्रयोग गरी आफ्नो युजर एकाउण्ट खोल्न सकिने र सो एकाउण्ट खोल्न कम्तिमा ३० अमेरीकी डलर आवश्यक पर्ने भन्दै विभिन्न व्यक्तिलाई प्रलोभन दिएका थिए। टलविनको एकाउण्टमा पैसा लोड गर्न बाइनान्स एप्लिकेशनको मद्दतबाट नेपाली पैसालाई अमेरीकी डलरमा रुपान्तर गरी टलविन लाइफको एकाउण्टमा पैसा लोड गर्न सकिने र टलविन लाइफको एकाउण्टबाट डबल पैसा बाइनेन एप्लिकेशनको एकाउण्टमा लोड गरेर नेपाली पैसामा रुपान्तरण गरी बैंक एकाउण्ट तथा विभिन्न अनलाइन वालेटमा हाल्न सकिन्छ भन्दै उनीहरुले ठगी गरेको देखिन्छ।'

उनीहरुले ४ हजार ५ सय अमेरीकी संस्था टलविन लाइफमा लगानी गर्दा ३ बर्षमा २ लाख १४ हजार रुपैयाँ पाउन सकिने र त्यसका अलवा टलविन लाइफ नामक संस्थाम आफूमार्फत प्रत्यक्ष सदस्य बनाएमा लगानीको ५० प्रतिशत कमिशन पाउने भनी ठगी गरेको र आफूले बनाएको सदस्यले थप सदस्य बनाउँदै जाँदा एक डलर आफ्नो खातामा आउने भनी ठगी गरेको एसपी खड्काले जानकारी दिए।

पक्राउ परेका उनीहरुलाई ठगी मुद्दामा म्याद थप गरी आवश्यक प्रक्रिया अगाडि बढाइएको धनुषा प्रहरीले जनाएको छ।

## कोरोनाबाट एकको मृत्यु

**काठमाडौँ**/कोरोना सङ्क्रमित एकको मृत्यु भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार शनिबार उपचारका क्रममा एक जनाको मृत्यु भएको हो।

शनिबार एक हजार दुई सय ३८ जनामा गरिएको परीक्षणमा ५१ जनामा कोरोना सङक्रमण पुष्टि भएको छ। उपचारपछि शनिबार ३५ जना निको भएर घर फर्किएका छन्। सक्रिय सङ्क्रमित तीन सय ६१ जना छन्। यस्तै संस्थागत आइसोलेसनमा २७, सघन उपचार कक्ष (आइसीयू)मा आठ र भेन्टिलेटरमा एक जना उपचारत छन्।

## आगलागिमा नगद ७ लाखसहित टहरा जलेर नष्ट

**राजविराज**/सप्तरीको हनुमाननगर कंकालिनि नगरपालिका १ कोशी नदी पलारमा खेती गर्न बनाइएको घरमा आगलागि हुँदा नगद ७ लाख २१ हजारसहित ९ लाख बराबरको क्षति भएको छ।

स्थानिय अशोक कुमार मण्डलले तरभुज खेती गर्न बनाएका खरको छानो र बासको टाटी बेराको फुसको घरमा अचानक शनिबार आगलागि हुँदा नगद ७ लाख २१ हजारसहित विभिन्न मलखाद र घर टहरा जलेर नष्ट हुँदा उक्त मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ।

उक्त आगो नेपाल प्रहरी, शसस्त्र प्रहरी र स्थानिय बासीहरुको सहयोगमा नियन्त्रणमा आएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## दुई फरार अभियुक्त पक्राउ

**राजविराज**/सप्तरी प्रहरीले जिल्लाको दुई स्थानबाट लेनदेन र जबरजस्तीकरणी मुद्दाका दुई फरार अभियुक्तहरुलाई पक्राउ गरेको छ।

जिल्लाको रुपनी गाउँपालिकाबाट लेनदेन विगो मुद्दामा जरिवाना र कैद तोकिएका वडा नं. १ निवासी ४१ वर्षिय अब्दुल्हालाई पक्राउ गरेको जनाएको छ।

प्रहरीका अनुसार अदालतले सो मुद्दामा उनलाई ८ लाख जरिवाना र ६ महिना कैदको फैसला गरेको थियो। अदालतको फैसला पछि उनी फरार थिए। पक्राउ परेका उनलाई आवश्यक कार्बाहिका लागी जिल्ला प्रहरी कार्यालय सप्तरीमा राखिएको छ।

यस्तै शनिबारै जबरजस्तीकरणी मुद्दाका एक फरार प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरीले जिल्लाको कंचनरुप नगरपालिका ६ घोघनपुर निवासी २३ वर्षिय मो. अकमललाई पक्रउा गरेको हो।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**रुपनी गाउँपालिका, सप्तरी**


# अन्तर्राष्ट्रिय समाचार

## रुसी आक्रमणमा छब्बीस जना युक्रेनी मारिए

**युक्रेन**/रुसी आक्रमणमा परी पाँच जना बालबालिकासहित २६ जनाको मारिएका छन्। युक्रेनमाथि करिब दुई दर्जन क्षेप्यास्त्र प्रहार गरेर रुसले ती गैरसैनिक मारेको युक्रेनी अधिकारीहरूले बताएका छन्।

मध्ययुक्रेनको ऐतिहासिक सहर उमानको आवासीय क्षेत्रमा रुसले हवाई हमला गरेको हो। भत्केका भवनका भग्नावशेषबाट मृतकका शव निकालिएका हृदयविदारक दृश्य एएफपीका पत्रकारले देखेका थिए। भग्नावेशषबाट बालबालिकाका शव पनि निकालिएका थिए।

यो वर्ष शिशिर यामको प्रारम्भमा ऊर्जा र इन्धन प्रवाह गर्ने युक्रेनी पूर्वाधारमा आक्रमण गरेर रुसले जनजीवन कष्टकर पारेको थियो। केही समयका लागि आक्रमण बन्द गरेको रुसले नागरिक संरचना तथा आवासमा पुनः हमला थालेको छ।

करिब असी हजार बासिन्दा रहेको लुगान्स्कमा पनि आक्रमण भएको छ। पूर्वी लुगान्स्क सहर रुसको नियन्त्रणमा छ। रुसी क्षेप्यास्त्रहरू मध्य सहर डिनिप्रोमा पनि वर्सिएका छन्। एकतीस वर्षीया एक महिला र उनकी दुई वर्षकी छोरी सुतिरहेको अवस्थामा मारिएका अधिकारीहरूले बताएका छन्। गत जनवरीमा उक्त सहरको आवासीय भवनमा भएको क्षेप्यास्त्र आक्रमणमा ४० जनाले ज्यान गुमाएका थिए। एजेन्सी

## अमेरिका-पाकिस्तान कूटनीतिक छलफल सकारात्मक दिशामा

**वाशिङ्गटन**/आर्थिक सङ्कट सामना गरिरहेको पाकिस्तानले संयुक्त राज्य अमेरिकालाई सैन्य वित्तपोषण र विक्री पुनःस्थापना गर्न आग्रह गरेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनले त्यस किसिमको वित्त पोषण कार्यक्रम स्थगित गरेको थियो।

अमेरिकाका लागि पाकिस्तानका राजदूत मसूद खानले बिहीबार वाशिङ्गटनमा आयोजित सेमिनारलाई सम्बोधन गर्दै अमेरिकाले पाकिस्तानको लागि यस अघि अघिल्लो प्रशासनले निलम्बन गरेको विदेशी सैन्य वित्तिय पोषण र विदेशी सैन्य सामग्री बिक्री पुनर्स्थापित गर्नु महत्त्वपूर्ण रहेको बताउनुभएको छ।

अफगानिस्तानबाट अमेरिकी सेना फिर्ता भएयता अमेरिका-पाकिस्तान सम्बन्ध लामो समयदेखि अनिश्चिततामा फसेको छ। अहिले अमेरिका र चीनबीचको द्वन्द्वका कारण पाकिस्तानको अमेरिकासँगको सम्बन्ध चिसिएको छ।

दक्षिण र मध्यएसियाका लागि अमेरिकी प्रमुख उप-सहायक विदेशमन्त्री एलिजाबेथ होर्स्टले सङ्कटग्रस्त पाकिस्तानी अर्थतन्त्रको पुनर्निर्माणमा मद्दत गर्ने आवश्यकतामा ध्यान केन्द्रित गर्दै इस्लामाबादलाई अन्तरराष्ट्रिय मुद्रा कोष (आईएमएफ)सँग काम गर्न आग्रह गर्नुभएको डनले उल्लेख गरेको छ।

पाकिस्तान र आईएमएफले सहमति जनाएका सुधार सजिलो नभएको तर पाकिस्तानले देशलाई आर्थिक सबलताको स्थितिमा फर्काउनका लागि यी कदम चाल्नु आवश्यक रहेको एलिजाबेथ होर्स्टको बुझाइ रहेको छ।

यसैबीच वाशिङ्टनले इस्लामाबादलाई आईएमएफसँग सहमति अनुरूपको 'कडा सुधार' कार्यक्रम लागू गर्न आग्रह गरेको छ।

भर्खरै उच्चस्तरीय कूटनीतिक सलग्नता र बाक्लिदै गएको वार्ता अमेरिकासँगको तनावपूर्ण सम्बन्ध सुधार्ने सन्दर्भमा पाकिस्तानका निम्ति सकारात्मक हुनसक्ने टिप्पणी गरिएको छ।

विल्सन सेन्टर वाशिङ्गटनमा आयोजित सम्मेलन थुप्रै चुनौतीपूर्ण घटनाक्रमको पृष्ठभूमिमा अमेरिका-पाकिस्तान सम्बन्धलाई कसरी सुधार्न सकिन्छ भन्नेमा केन्द्रित थियो।

एक प्रश्नको जवाफ दिँदै राजदूत खानले पाकिस्तानले रुसी तेलको लागि पहिलो आग्रह गरेको र अमेरिकी सरकारसँग परामर्श गरेर त्यसो गरेको पनि बताउनुभएको छ।

सो अवसरमा अफगानिस्तानमा स्थायित्व ल्याउन पाकिस्तानले खेल्ने भूमिकाबारे पनि छलफल भएको थियो।

अफगानिस्तानमा भएको आतङ्कवादको बृद्धिप्रति अमेरिका र चीन दुवै चिन्तित रहेको उल्लेख गर्दै उहाँले यस खतरालाई उन्मूलन गर्न मिलेर काम गर्नुपर्ने धारण राख्नुभएको छ।

आतङ्कवाद शनिबार पाकिस्तान र अफगानिस्तानका लागि खतरा बनेको छ। यसलाई नियन्त्रण गरिएन भने यसको असर अन्यत्र पनि देखिने उहाँको टिप्पणी छ। एजेन्सी

## धूमपान गरेको सहपाठीले देखेपछि ...

**नयाँदिल्ली**/नयाँदिल्लीको बेदारपुर प्रहरी इलाकामा रहेको एक विद्यालयका विद्यार्थीले आफ्नै साथीलाई कुटिकुटि मारेका छन्।

आफूहरूले धूमपान गरेको देखेका कक्षा आठका दुई विद्यार्थीले १२ वर्षका आफ्ना साथीको कुटामारी गरेर हत्या गरेका प्रहरीले जनाएको छ। शुक्रबार एमसिडी विद्यालयका कक्षा ८ का छात्रको शव नालामा भेटिएपटि हत्याको रहस्य खुलेको हो।

आफ्नै सहपाठीलाई कुटपिट गरेर मारेको अभियागमा प्रहरीले दुवै जना अभियुक्तलाई पक्राउ गरेको छ। विद्यालय परिसरमा धूमपान गरेको देखेका उनले विद्यालय प्रशासनलाई त्यसबारेमा जानकारी दिने बताएपछि अभियुक्तद्वयले निजलाई प्रलोभनमा पारेर सुनसानस्थानमा बोलाएका थिए।

उनीहरूले निजलाई लट्ठीजस्तो कुनै भुत्ते वस्तुले बारम्बार टाउकोमा प्रहार गर्दा उनको मृत्यु भएको प्रहरी अनुसन्धानबाट ज्ञात भएको छ। अभियुक्तहरूलाई बाल न्याय कार्यालयमा प्रस्तुत गरिने प्रहरीले जनाएको छ। एजेन्सी

# रुपनीले प्रथम मेयर कप टी ट्वान्टी क्रिकेट प्रतियोगिताको उपाधी जित्यो




**राजविराज**/सप्तरीको रुपनी गाउँपालिकाले हनुमाननगर कंकालिनी नगरपालिकाद्वारा सञ्चालित प्रथम मेयर कप टी ट्वान्टी क्रिकेट प्रतियोगिताको उपाधी जितेको छ।

रुपनीले छिन्नमस्ता गाउँपालिकालाई २७ रनले पराजित गर्दै सो उपाधी जितेको हो।

शनिबार सम्पन्न फाइनल खेलमा टस जितेर ब्याटिङ्ग गरेको रुपनी गाउँपालिकाले निर्धारित २० ओभरमा ८ विकेट गुमाई २ सय ४ रनको योगफल तयार पारेको थियो। जसमा रुपनीका ईमरान शेखले सर्वाधिक ६१ रन बनाएका थिए। यसैगरी विकास दासले ४३, विक्की चौधरीले ३७, अरनिको यादवले २२ तथा राशिद खानले १८ रन बनाएका थिए।

छिन्नमस्ता गाउँपालिकाका लागि फिरदोस अन्सारी र दिपेश कँडेलले २/२ विकेट लिए भने उपेन्द्र रायले १ विकेट लिए।

जितको लागि २ सय ५ रनको लक्ष्य पछ्याउने क्रममा छिन्नमस्ता गाउँपालिकाले निर्धारित २० ओभरमा १ु य ७७ रन मात्र बनाउन सफल भयो। छिन्नमस्ताका लागि रेवति रायले अविजित ४८, गुणानन्द रायले २८ रन बनाएका थिए। यसैगरी सिद्धान्त लोहनीले २७, फिरदोश अन्सारले १६ र रवि रायले १३ रनको योगदान दिएका थिए।

रुपनी गाउँपालिकाका लागि सुनिल धमला र अशोक मेहताले ३/३ विकेट लिए भने अशोक यादवले २ विकेट लिंदै आफ्नो टिमलाई प्रथम मेयर कपको उपाधी दिलाउन सफल भए।

विजेता रुपनी गाउँपालिकाले नगद एक लाख रुपैयाँ तथा ट्रफी पुरस्कार पाएका छन् भने उपविजेता छिन्नमस्ता गाउँपालिका टिमले नगद ५० हजार र ट्रफी पुरस्कार पाएको छ।

प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गरेका छिन्नमस्ता गाउँपालिकाका फिरदोश अन्सारीलाई म्यान अफ द सिरिज, तिलाठी कोइलाडीका अमित मण्डललाई बेस्ट ब्याट्सम्यान र सोही गाउँपालिकाका दिपेश सरदारलाई बेस्ट बलरको पुरस्कार प्रदान गरियो।

समापनको अवसरमा प्रदेश सभा सदस्य सकिल अली, हनुमाननगर कंकालिनी नगरपालिकाका प्रमुख विरेन्द्र माझी, प्रमुख प्रशासकीय अधिकृत हरिमोहन सुतिहार, सशस्त्र प्रहरी नायब निरीक्षक दिनेश श्रेष्ठ, वडा अध्यक्षहरु मौली मण्डल र साकिर अली खानसहितकाले पुरस्कार वितरण गरेका थिए।

# भारतका सरसफाई अभियन्ता डा. विन्देश्वर पाठक सप्तरीमा सम्मानित



**राजविराज**/सुलभ सोसल इन्टरनेशनल अर्गनाइजेशन भारतका अध्यक्ष एवं सरसफाई अभियन्ता डा. विन्देश्वर पाठकलाई सम्मानित गरिएको छ।

जिल्ला समन्वय सप्तरीको आयोजना तथा विभिन्न संघसंस्थाको सहकार्यमा शुक्रबार पाठकको सम्मानमा राजविराजमा राखिएको नागरिक अभिनन्दन कार्यक्रममा उनलाई सम्मानित गरिएको हो।

सम्मानित हुँदै अभियान्ता पाठकले नेपाल-भारतको बर्षौं देखी प्रगाढ सम्बन्ध रहेको बताउँदै सीता र रामको विवाह संगै त्रेतायुगमा देखि नै नेपाल र भारतको सम्बन्ध सुमधुर रहिआएको चर्चा गरे।

प्रसिद्ध शक्तिपिठ छिन्नमस्ता मन्दिर पुगेका सामाजिक अभियान्ता डा पाठकले छिन्नमस्ताको बाटो तथा जिल्लाको अन्य सडकको निर्माण तथा विकासको पूर्णताको विषयमा समेत भारत सरकारसँग पहल गर्ने प्रतिबद्धता जनाए।

अभियन्ता पाठकले आफ्नो अर्गनाइजेसन मार्फत सुलभ शौचालय तथा खानेपानी सरसफाईको क्षेत्रमा अतुलनीय योगदान पुर्‍याएको छ। भारत सरकारद्वारा विभूषित उनलाई संसारभरिका दर्जनौं संघ संस्थाले सम्मान तथा पदवीले सम्मानित गरिसकेको छन्।

यसैबीच राजविराज नगरपालिकाको आमन्त्रणामा आएका उनलाई सप्तरी तथा सिरहाको आधा दर्जन भन्दा बढी संघसंस्थाले नागरिक अभिनन्दन सहित सम्मान गरेको जिल्ला समन्वय समिति सप्तरीका सभापति शिवनारायण साहले बताए।

सरसफाइ र सुलभ शौचालयको अवधारणालाई सामाजिक आन्दोलनको रुपमा स्थापित गरेका अभियन्ता पाठको अगुवाइमा भारतको ग्रामीण क्षेत्रलाई लक्षित गरेर १२ लाख सुलभ शौचालय हालसम्म निर्माण भईसकेको छ।

"मानिसको लागि अक्सिजन पछिको दोस्रो अति आवश्यक शौचालय हो, यसले उपयोगले देशको प्रतिष्ठा बढाउँछ।" अभियन्ता पाठकले भने, "भारत मात्र परोसी नही पूर्वज देश है, नेपाल र भारतका डिएनए एक हो।"

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**

**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८११८७**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*